श्री ५ को सरकार

## कानून मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवको शासनकालको छैटौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत श्रोजस्विराजन्य प्रोज्ज्वल नेपाल तारा अतिश्रोजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखादक्षिणबाहु महाधिपति फिल्ड मार्शल र सर्वोच्च कम्याण्डर इन-चीफ श्री मन्महाराजाधिराज श्री श्री श्री महाराज महेन्द्र वीर विक्रम जङ्गबहादुर शाहबहादुर शमशेर जङ्गदेवानाम् सदा समरविजयिनाम् ।

२०१७ सालको ऐन नं. ५

## व्यापार मुनाफा र पारिश्रमिकमा कर निर्धारण गरी असूल उपर गर्ने व्यवस्थाको निमित्त बनेको ऐन

आर्थिक ऐन, २०१६ ले व्यापार मुनाफा र पारिश्रमिकमा कर लगाउने व्यवस्था गरेको, र त्यस्ता व्यापार मुनाफा र पारिश्रमिकमा लाग्ने करको रकम निर्धारण गरी असूल उपर गर्ने कार्यप्रणाली व्यवस्थित गर्नु परेकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवका शासन कालको छैटौं वर्षमा संसदले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम, विस्तार र प्रारम्भः (१) यो ऐनको नाम व्यापार मुनाफा र पारिश्रमिक कर ऐन , २०१७ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ र जहांसुकै रहे बसेको भएतापनि श्री ५ का सबै कर्मचारीहरूलाई समेत लागू हुनेछ ।

(३) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा–

(क) "व्यापार" भन्नाले मुनाफाको उद्देश्यले गरेको कुनै कार्य सम्झनु पर्छ ।

(ख) "मुनाफा" भन्नाले व्यापारबाट आर्जनगरिएको वा प्राप्त भएको खूद मुनाफा सम्झनु पर्छ ।

(ग) "पारिश्रमिक" भन्नाले आर्थिक ऐनमा परिभाषा गरिए बमोजिमको पारिश्रमिक सम्झनु पर्छ ।

(घ) "कम्पनी" भन्नाले नेपाल कानून बमोजिम गठित कम्पनी, बैंक वा संगठित संस्था सम्झनुपर्छ ।

(ङ) "फर्म" भन्नाले एजेंसीलाई समेत जनाउँछ ।

(च) "स्थानीय स्वायत्त संस्था" भन्नाले नगरपालिका, पञ्चायत वा स्थानीय कोषको नियन्त्रण वा प्रवन्ध गर्ने कानूनद्वारा अधिकार पाएको वा श्री ५ को सरकारबाट जिम्मा दिइएको कुनै संस्था सम्झनु पर्छ ।

(छ) "कर" भन्नाले व्यापार मुनाफा र पारिश्रमिकमा लाग्ने कर सम्झनु पर्छ ।

(ज) "कर अफिसर" भन्नाले यो ऐनको प्रयोजनको निमित्त श्री ५ को सरकारले नियुक्त गरेको कर अफिसर सम्झनु पर्छ ।

(झ) "कुनै स्थानीय स्वायत्त संस्था वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थाको सम्बन्धमा मुख्य अधिकारी" भन्नाले देहाय बमोजिमको व्यक्ति सम्झनु पर्छः–

(१) सो स्थानीय स्वायत्त संस्था वा कम्पनी, वा फर्म वा सार्वजनिक संस्थाको सेक्रेटरी, कोषाध्यक्ष, मेनेजर वा एजेंट वा

(२) सो स्थानीय स्वायत्त संस्था वा कम्पनी वा फर्म वा सार्वजनिक संस्थासंग सम्बन्धित अन्य कुनै अधिकारीलाई मुख्य अधिकारी भनी टानी कर अफिसरले सूचना पठाएकोमा सो सूचना पाउने व्यक्ति ।

(ञ) "तोकिएको" वा "तोकिए बमोजिमको" भन्नाले यो ऐन अन्तर्गत बनेका नियममा तोकिएको वा तोकिए बमोजिमको सम्झनु पर्छ ।

३. कर निर्धारण र असूल उपर गर्ने: साल बसाली वा कुनै एक सालको निमित्त कर लगाउने गरी कुनै ऐनबाट व्यवस्था भएमा त्यस्तो कर यो ऐन र यस ऐन अन्तर्गत बनेका नियम बमोजिम निर्धारण गरी असूल उपर गरिनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कर नलाग्ने: तत्काल प्रचलित कुनै नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको कुरामा कर लाग्ने छैन:–

(क) विदेशी राष्ट्रको नेपाल अधिराज्य स्थित कूटनैतिक प्रतिनिधि तथा सो प्रतिनिधिको स्टाफको नेपाली नागरिक नभएको कर्मचारीलाई दिइने पारिश्रमिक वा

(ख) कर तिर्नु नपर्ने शर्तमा श्री ५ को सरकारको सेवामा नियुक्त भएको विदेशी नागरिकलाई दिइने पारिश्रमिक वा श्री ५ को सरकारलाई सल्लाह र सहायता दिनका लागि नेपाल अधिराज्यभित्र बसेका विदेशी नागरिकलाई विदेशी सरकार वा संस्था वा अन्तर्राष्ट्रिय संस्थाबाट दिइने पारिश्रमिक, वा

(ग) कुनै कम्पनी, वा फर्मको मुनाफामा सामूहिक रूपले कर लागिसकेको भए त्यसको प्रत्येक हिस्सेदारले सो कूल आम्दानीमध्ये पाएको आफ्नो हिस्सा,

(घ) श्री ५ को सरकारबाट स्वीकृत धार्मिक कार्य वा सार्वजनिक हितको लागि खर्चगरिने मुनाफा, वा

(ङ) स्थानीय स्वायत्त संस्थाको मुनाफा, वा

(च) श्री ५ को मन्त्री वा श्री ५ को सरकारका सहायक मन्त्री, प्रतिनिधि-सभाका सभामुख, उप-सभामुख, महासभाका अध्यक्ष, उपाध्यक्ष, सरकारी पक्षका मुख्य सचेतक, विरोधी दलका नेतालाई तलब बाहेक श्री ५ को सरकारबाट प्राप्त अन्य सुविधा वा

(छ) आफ्नो खेतीको उब्जा, वा

(ज) तोकिएको शर्त तथा बन्देजका अधीनमा रही कुनै कर्मचारीले द्रव्यकोष वा प्रविडेंट फण्डमा आफ्नो पारिश्रमिकको अंकबाट कट्टा गरी जम्मा गरेको बढीमा पारिश्रमिकको अंकको ६ खण्डको एक खण्ड सम्मको रकम ।

५. पारिश्रमिकमा करको निर्धारण: कुनै आर्थिक वर्षको निमित्त कुनै व्यक्तिको पारिश्रमिकमा लाग्ने करको रकम निर्धारण गर्दा सो वर्षभित्र निजले कमाएको पारिश्रमिकको अंकमा करको रकम निर्धारण गरिनेछ ।

श्री ५ को कर्मचारीको पारिश्रमिकमा लाग्ने करको भुक्तानी: श्री ५ को कर्मचारीको पारिश्रमिकमा लाग्ने करको रकम निजले पाउने पारिश्रमिकबाट कट्टा गरी लिइनेछ ।

७. स्थानीय स्वायत्त संस्था, कम्पनी, फर्म वा सार्वजनिक संस्था इत्यादिका कर्मचारीहरूको पारिश्रमिकमा लाग्ने करको भुक्तानी: (१) कुनै स्थानीय स्वायत्तसंस्था कम्पनी, फर्म वा सार्वजनिक संस्था वा व्यक्तिबाट पारिश्रमिक पाउने व्यक्तिको पारिश्रमिकमा लाग्ने करको रकम सो स्थानीय स्वायत्तसंस्था,कम्पनी,फर्म,सार्वजनिक संस्था वा व्यक्तिको तरफबाट पारिश्रमिक बांड्ने अधिकारीले पारिश्रमिकबाट कट्टा गरी लिनेछ र तोकिएको म्यादभित्र श्री५ को

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सरकारको नाममा आम्दानी बांधिने गरी तोकिएको अधिकारीकहाँ दाखिल गर्नेछ र दाखिल गरेको रुपैयांको रसीद एकप्रति कर अफिसरछेउ पठाउनेछ ।

(२) त्यस्तो अधिकारीले उपदफा (१) बमोजिम करको रकम कट्टा नगरेमा र श्री ५ को सरकारको नाममा आम्दानी बांधिने गरी तोकिएका म्यादभित्र दाखिल नगरेमा करको रकम नबुझाए वापत निज कसूरदार मानिनेछ ।

(३) त्यस्तो अधिकारीले पारिश्रमिकबाट कुनै कारणले करको रकम कट्टा गर्न छुटाएकोमा सो रकम निजले अर्को पटकको पारिश्रमिकबाट कट्टा गर्नु पर्छ ।

(४) यस दफामा लेखिएका कुनै कुराले कर असूल उपर गर्ने अन्य तरीकालाई बाधा पुऱ्याउने छैन ।

८. स्थानीय स्वायत्त संस्था, कम्पनी फर्म वा सार्वजनिक संस्थाका मुख्य अधिकारीले वार्षिक विवरण दाखिल गर्ने: प्रत्येक स्थानीय स्वायत्त संस्था, कम्पनी, फर्म, सार्वजनिक संस्था वा पारिश्रमिक दिई व्यक्तिहरूलाई काममा लगाउने व्यक्तिले देहायका कुराको विवरण तोकिएको ढांचामा तयार गरी तोकिएको म्यादभित्र स्थानीय कर अफिसरछेउ दाखिल गर्न गराउनु पर्छ :–

(क) विवरण दाखिल गरेको मितिमा आफू कहाँ वार्षिक रु. ५०००।– पांच हजार भन्दा बढी कुनै पारिश्रमिक वा मुनाफामा हिस्सा लिई काम गरिराखेको वा सो मितिले एक साल अघि सम्ममा सो अंक बमोजिम पारिश्रमिक वा मुनाफामा हिस्सा लिई काम गरेको प्रत्येक व्यक्तिको नाम र आफूलाई थाहा भएसम्म त्यस्ता प्रत्येक व्यक्तिको ठेगाना, र

(ख) त्यस्तो प्रत्येक व्यक्तिले पाइराखेको पारिश्रमिकको अंक र सो अंक भुक्तानी गरेको वा भुक्तानी गर्नु पर्ने मिति ।

९. मुनाफामा करको निर्धारण: यसपछिका दफा १०, दफा ११ र दफा १२ को अधीनमा रही कुनै आर्थिक वर्षको निमित्त कुनै कम्पनी, फर्म वा व्यक्तिले उठाएको मुनाफामा लाग्ने करको रकम निर्धारण गर्दा त्यसको अघिल्लो आर्थिक वर्षभित्र निजले उठाएको मुनाफाको अंकमा करको रकम निर्धारण गरिनेछ ।

१०. कम्पनी, फर्म वा व्यक्तिले मुनाफाको वार्षिक विवरण दाखिल गर्ने: (१) प्रत्येक कम्पनीका मुख्य अधिकारीले आषाढ मसान्तसम्मको कर लाग्ने आर्थिक वर्षको आषाढ मसान्त वा सो भन्दा अघिल्लो मितिमा वार्षिक साल तमामी हिसाब भएकोमा सो साल तमामी हिसाब भएको मिति सम्मको वा त्यस्तो हिसाब नभएकोमा आषाढ मसान्तसम्मको सो कम्पनीको मुनाफाको तोकिएको ढांचाको वार्षिक विवरण प्रत्येक साल तोकिएको म्यादभित्र स्थानीय कर अफिसरछेउ दाखिल गर्न गराउनु पर्छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) प्रत्येक फर्मका मुख्य अधिकारीले आषाढ मसान्तसम्मको कर लाग्ने आर्थिक वर्षको आषाढ मसान्त वा सो भन्दा अघिल्लो मितिमा वार्षिक साल तमामी हिसाब भएकोमा सो साल तमामी हिसाब भएको मितिसम्मको वा त्यस्तो हिसाब नभएकोमा आषाढ मसान्तसम्मको सो फर्मको मुनाफाको तोकिएको ढांचाको वार्षिक विवरण प्रत्येक साल तोकिएको म्यादभित्र स्थानीय कर अफिसरछेउ दाखिल गर्नु गराउनु पर्छ ।

(३) यो ऐन वा प्रचलित ऐन बमोजिम मुनाफा कर तिर्नु पर्ने कर्तव्य भएका प्रत्येक व्यक्तिले आषाढ मसान्तसम्मको कर लाग्ने आर्थिक वर्षको आषाढ मसान्त वा सो भन्दा अघिल्लो मितिमा वार्षिक साल तमामी हिसाब भएकोमा सो साल तमामी हिसाब भएको मितिसम्मको वा त्यस्तो हिसाब नभएकोमा आषाढ मसान्तसम्मको आफूले उठाएको मुनाफाको तोकिएको ढांचाको वार्षिक विवरण प्रत्येक साल तोकिएको म्यादभित्र स्थानीय करअफिसर छेउ दाखिल गर्नु गराउनु पर्छ ।

तर कुनै कम्पनी, फर्म वा व्यक्तिले अस्थायी व्यापार गर्नेमा साल तमाम वा आषाढ मसान्त नहुँदै पनि आफ्नो मुनाफाको विवरण दाखिल गर्नु गराउनु पर्छ ।

११. <u>विवरण दाखिल गराउने कर अफिसरको अधिकारः</u> कर अफिसरले आफ्नो इलाकाभित्रका कुनै व्यक्तिलाई लिखित सूचना पठाई निजले कुनै सालको आषाढ मसान्तसम्मको कर लाग्ने आर्थिक वर्षको आषाढ मसान्त वा सो भन्दा अघिल्लो मितिमा वार्षिक साल तमामी हिसाब भएकोमा सो साल तमामी हिसाब भएको मितिसम्मको वा त्यस्तो हिसाब नभएकोमा आषाढ मसान्तसम्मको आफूले उठाएको मुनाफाको तोकिएको ढांचाको विवरण सो सूचना पाएको ३५ दिनभित्र आफूछेउ दाखिल गर्न गराउन आदेश गर्न सक्छ र त्यस्तो सूचना पाउने प्रत्येक व्यक्तिले सो आदेशको पालना गर्नु पर्छ ।

१२. <u>हिसाब किताब पेश गराउने अधिकारः</u> दफा ८ दफा १० वा दफा ११ बमोजिम कुनै कर अफिसरछेउ दाखिल हुन आएको कुनै खास समयको विवरण झुट्ठा वा अधुरो छ भने निजलाई विश्वास हुने कारण भएमा निजले सो विवरण बुझाउने कम्पनी, फर्म सार्वजनिक संस्था वा व्यक्तिलाई लिखित सूचना पठाई सो समयको हिसाब किताब जांचबुझको लागि आफूछेउ पेश गर्न गराउन आदेश गर्न सक्छ र त्यस्तो सूचना पाउने प्रत्येक कम्पनी, फर्म, सार्वजनिक संस्था वा व्यक्तिले सो आदेशको पालना गर्नुपर्छ ।

१३. <u>कर निर्धारणः</u> (१) दफा १० वा दफा ११ बमोजिम विवरण दाखिल हुन आएपछि कर अफिसरले यथासंभव चांडो प्रत्येक कम्पनी, फर्म वा व्यक्तिबाट यो ऐन बमोजिम असूल गर्न पर्ने करको रकम निर्धारण गर्नेछ ।

(२) अवस्थानुसार कर अफिसरले त्यस्तो कर निर्धारण गर्दा आफूछेउ दाखिल भएका विवरण माथि उचित विचार गर्ने र त्यसको जांचबुझको प्रयोजनको लागि सम्ब-

६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

न्धित व्यक्तिका नाउँमा समन जारी गर्ने, बयान वकपत्र गराउने र लिखतहरू दाखिल गराउने सम्बन्धमा प्रचलित नेपाल कानून बमोजिम अदालतलाई भए सरहका सबै अधिकार निजलाई हुनेछ ।

तर यस दफा अन्तर्गत कारवाई भएको कुरामा जति पटक गरे पनि जम्मा ७ दिन भन्दा बढी दिनको अर्जी गर्न र म्याद तारेख गुज्रेकोमा गुज्रेका मितिले ७ दिन भन्दा ढिलाई थमाई माग्न समेत पाउने छैन र एक पटक थामिसकेपछि पुनः म्याद तारेख गुजारेछ भने कुनै हालतमा थामिन सक्तैन ।

१४. विवरण दाखिल नगर्ने कम्पनी, फर्म वा व्यक्तिका सम्बन्धमा करको निर्धारण: दफा १० वा दफा ११ बमोजिम विवरण दाखिल गर्नु पर्ने कर्तव्य भएका कुनै कम्पनी, फर्म वा व्यक्तिले त्यस्तो विवरण दाखिल नगरे नगराएमा वा झुट्ठा विवरण दाखिल गरे गराएमा सो कम्पनी, फर्म वा व्यक्तिको मुनाफामा लाग्ने करको निर्धारण कर अफिसरले आफ्नो यथाशक्य न्यायोचित अनुमानबाट गर्नेछ ।

१५. करको भुक्तानी: दफा १३ वा दफा १४ अन्तर्गत निर्धारित गरिएको करको रकम कर निर्धारणको आदेश प्राप्त भएको ३५ दिनभित्रमा सोही आदेशमा तोकिएको अड्डामा दाखिल गर्नु गराउनु पर्छ । सो दाखिल नगरिएमा कर अफिसरको सूचना अनुसार सो रकम स्थानीय माल अड्डाले प्रचलित नेपाल कानूनको कार्यप्रणाली बमोजिम जायजाद गरी असूल उपर गरी लिनेछ ।

१६. दण्ड सजाय: (१) कुनै व्यक्तिले—

(क) दफा ७ को उपदफा (१) बमोजिम कट्टा गरी दाखिल गर्नु गराउनु पर्ने कुनै करको रकम कट्टा नगरेमा र दाखिल नगरेमा वा

(ख) दफा ८ वा दफा १० बमोजिम कर अफिसरछेउ दाखिल गर्नु गराउनु पर्ने कुनै विवरण दाखिल नगरे नगराएमा वा झुट्ठा भन्ने जानी जानी वा जान्नु पर्ने मनासिव माफिकको कारण हुँदा हुँदै वा सांचो हो भन्ने नठान्दा नठान्दै झुट्ठा विवरण दाखिल गरे गराएमा, वा

(ग) दफा १२ अन्तर्गत दिइएको सूचनामा मागिए बमोजिमको हिसाब किताब पेश नगरे नगराएमा,

निजलाई कर अफिसरको आदेशले रु. ५०००।– पांच हजारसम्म जरिवाना हुनेछ ।

(२) दफा ११ अन्तर्गत दिइएको आदेश पालन नगर्ने व्यक्तिलाई कर अफिसरको आदेशले रु. ५००।– पांच सयसम्म जरिवाना पनि हुनेछ ।

54
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. <u>अपीलः</u> (१) कर अफिसरले दफा १४ वा दफा १५ वा दफा १६ अनुसार गरेको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सूचना पाएका मितिले ३५ दिनभित्र सो आदेश उपर स्थानीय बडाहाकिम वा मेजिष्ट्रेट समक्ष अपील गर्न सक्नेछ ।

(२) स्थानीय बडाहाकिम वा मेजिष्ट्रेटबाट भएको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले निर्णयको सूचना पाएका ३५ दिनभित्र आय र कर अदालतमा अपील गर्न सक्नेछ ।

तर आफूलाई लाग्ने ठहरिएको करको रकम वा जरिवाना बापतको रुपैयां धरौटी वा त्यति अंकको धन जमानी नराखेसम्म निजको त्यस्तो कुनै अपील लाग्ने छैन ।

१८. <u>सांचो सूचना दिनेलाई इनामः</u> दफा ८ दफा १० वा दफा ११ बमोजिम विवरण दाखिल गर्नु पर्ने कर्तव्य भएका कुनै कम्पनी, फर्म, सार्वजनिक संस्था वा व्यक्तिले सो नगरे नगराएको वा झुट्ठा विवरण दाखिल गरे गराएको कुराको सांचो सूचना दिने व्यक्तिलाई सो कुरा ठहर भएपछि दोषीबाट असूल उपर भएका करको अंकको सयकडा २० बीस श्री ५ को सरकारको आदेशले इनामको रूपमा दिइनेछ ।

१९. <u>कर अधिकारीहरूः</u> (१) श्री ५ को सरकारले आवश्यक ठानेको संख्यामा यस ऐनको प्रयोजनको निमित्त कर अधिकारीहरू नियुक्त गर्न सक्नेछ ।

(२) कुनै कर अफिसरको मातहतमा कति इलाका वा गढी मौजा रहने हो भन्ने कुरा श्री ५ को सरकारले नेपाल गजेटमा प्रकाशित सूचनाद्वारा निर्धारण गर्नेछ ।

(३) कर अफिसरले आफू मुनिका कुनै कर अधिकारीलाई आफ्नो अधिकारमध्ये केही वा जम्मै लिखित रूपमा सुम्पन सक्नेछ । यसरी सुम्पिएको अधिकार बमोजिम निजले गरेको काम कर अफिसरले गरेको सरह मान्यता हुनेछ ।

(४) श्री ५ को सरकारले यो ऐन बमोजिम आफूले पाएका सबै वा केही अधिकार नेपाल गजेटमा सूचना प्रकाशित गरी कर अधिकारीलाई सुम्पन सक्नेछ ।

२०. <u>यो ऐन बमोजिम दाखिल भएका कागजपत्रहरू गोप्य राखिनेः</u> यस ऐनको दफा ८ दफा १० दफा ११ वा दफा १२ बमोजिम दाखिल भएका कागजपत्रहरू गोप्य राखिनेछ । ती कागजपत्रहरू कर सम्बन्धी कारवाईलाई बाहेक अन्य कामलाई प्रकाश गरिने र कुनै अदालतमा प्रमाण समेत लाग्नेछैन ।

२१. <u>व्यापार मुनाफा र पारिश्रमिक कर अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि त्यसको परिणामः</u> व्यापार मुनाफा र पारिश्रमिक कर अध्यादेश, २०१६ खारेज वा निष्क्रिय भएपछि, अर्कै अभिप्राय नदेखिएमा, सो खारेजी वा निष्क्रियताले–

(क) खारेज वा निष्क्रय हुँदाको बखत कायम नभएको कुनै कुरालाई जगाउँदैन वा

52

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम चालू भएको कुरा वा सो बमोजिम रीत पुऱ्याई अघिनै गरिएको कुनै काम वा भोगिसकेको कुनै कुरालाई असर पार्दैन वा

(ग) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश बमोजिम पाएको,हासिल गरेको वा भोगेको कुनै हक सुविधा कर्तव्य वा दायित्वमा असर पार्दैन, वा

(घ) त्यसरी खारेज वा निष्क्रिय भएको अध्यादेश विरुद्ध गरेको कुनै कसूर वापत गरिएको कुनै दण्ड सजाय वा जफतलाई असर पार्दैन, वा

(ङ) माथि लेखिएको कुनै त्यस्तो हक, सुविधा, कर्तव्य, दायित्व, दण्ड सजाय जफतका सम्बन्धमा गरिएको कुनै तहकिकात कानूनी कारवाई वा उपायलाई असर पार्दैन र उक्त अध्यादेश कायम छँदा सरह गरी त्यस्तो कुनै तहकिकात कानूनी कारवाई वा उपायलाई शुरू गर्न चालू राख्न वा लागू गर्न सकिनेछ र त्यस्तो दण्ड सजाय वा जफत पनि गरिनेछ ।

२२. नियम बनाउने अधिकारः यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले नियमहरू बनाउन सक्नेछ ।

लालमोहर सदर मितिः २०१७।२।२।१

आज्ञाले-
कृष्णप्रसाद उपाध्याय,
श्री ५ को सरकारका का. मु. सचिव
कानून मन्त्रालय ।

मुद्रण विभाग,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।